# छत्रकोट गाउँपालिका गुल्मीको आर्थिक ऐन, २०७५

**<u>प्रस्तावना</u>** :

छत्रकोट गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले

नेपालको संविधानको धारा २३० बमोजिम छत्रकोट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१) **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "छत्रकोट गाउँपालिकाका आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको दिन देखि छत्रकोट गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२) **<u>धुरी कर</u>** : छत्रकोट गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम धुरी कर लगाइने र असुल उपर गरिनेछ ।

३) **<u>भुमिकर (मालपोत)</u>** : छत्रकोट गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४) **<u>बहाल कर</u>** : छत्रकोट गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पुरै वा आशिंक तबरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५) **<u>व्यवसाय कर</u>** : छत्रकोट गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्थाहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

६) **<u>जडीबुटी, कवाडी र जीबजन्तु कर</u>** : छत्रकोट गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिड., प्वाखँ, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लिखित ब्यबस्था लागू हुने छैन ।

७) **सवारी साधन कर** : सवारी साधन कर अनुसूची (६) बमोजिम लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

८) **विज्ञापन कर** : छत्रकोट गाउँपालिका क्षेत्रभित्र हुने सबै किसिमका विज्ञापनमा अनुसूची (७) बमोजिमको विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

९) **मनोरञ्जन कर** : छत्रकोट गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा अनुसूची (८) बमोजिमको मनोरञ्जन कर लगाइ असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०) **बहाल बिटौरी शुल्क** : छत्रकोट गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भबनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (९) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११) **सवारी साधन पार्किङ्ग शुल्क** : छत्रकोट गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत अनुसूची (१०) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाइ असुल उपर गरिनेछ । साथै पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने ब्यक्ति वा संस्थाले छत्रकोट गाउँपालिका बाट पुर्ब अनुमति लिएको हुनुपर्नेछ ।

१२) **ट्रेकिङ्ग र ऱ्याफ्टिङ्ग शुल्क** : छत्रकोट गाउँपालिका क्षेत्रभित्र ट्रेकिङ्ग र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (११) बमोजिम शुल्क लगाइ असुल उपर गरिनेछ ।

१३) **सेवा शुल्क दस्तुर** : छत्रकोट गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची ( १२) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४) **पर्यटन शुल्क** : छत्रकोट गाउँपालिकाले तोकेका स्थानहरुमा पर्यटक प्रवेश गर्दा अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइ असुल उपर गरिनेछ ।

१५) **जरिवाना** : छत्रकोट गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानुन बिपरीतका कार्य गर्नेलाई अनुसूची (१४) बमोजिम जरिवाना गरिनेछ । साथै छत्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाले समय समयमा यस व्यवस्थामा थपघट तथा पुनराबलोकन गर्न सक्नेछ ।

१६) **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१७). **करतथा शुल्क संकलन कार्यविधि** : यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि छत्रकोट गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१८) **यसै ऐन बमोजिम भएको मानिने** : यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१९) **नियम वा कार्यविधि बनाउन सक्नेः** छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

२०) **साविक बमोजिम हुने** : यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साबिक बमोजिम नै हुनेछ ।

२२) **खारेजी :** साविकमा छत्रकोट गाउँपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछन् ।

## अनुसूची (१)

दफा (२) संग सम्बन्धित

**घरको बनौटका आधारमा घरको धुरीकर  दररेट**

| घरको किसिम | करको दर रेट प्रति धुरी वार्षिक  रु. | प्रति थप तला रु. | जरिवाना | कैफियत |
|---|---|---|---|---|
| खरको छानो | १५ | ० | वार्षिक १० प्रतिशत | |
| जस्ताको छानो | ३० | १० | | |
| पक्की घर | ६० | २० | | |

## अनुसूची (२)

दफा (३) संग सम्बन्धित

**मालपोत करको दररेट**

| **जग्गा को वर्ग** | **न्यूनतम** | **थप प्रति रोपनी दर** | **जरिवाना** | **कैफियत** |
|---|---|---|---|---|
| | १० रोपनी सम्म रु १० | रु २ | वार्षिक १० प्रतिशत | विगत वर्षहरुको वक्यौताको हकमा समेत यसै अनुसार हुनेछ । |

## अनुसूची (३)

दफा(४) संग सम्बन्धित

**बहाल करको दररेट**

छत्रकोट गाउँपालिका  क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक तबरले बहाल दिएकोमा बहाल अंकको १० प्रतिशतका दरले बहाल कर संकलन गरीनेछ । संगठित संघसंस्था, कम्पनी, कार्यालय वा यस्तै

प्रकृतिका अन्यले बहालमा बसे वापत बहाल रकम बुझाउंदा श्रोतमै अग्रिम बहाल कर कट्टि गरी दाखिला गर्नुपर्नेछ ।

**बहाल कर निर्धारण प्रकिया :**

१) बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ ।

२) क्षेत्रगत आधारमा छत्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाले न्युनत्तम बहाल दर तोक्न सक्नेछ ।

३) छत्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा संम्झौतपत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ ।

**अनुसूची (४)**

दफा (५) संग सम्बन्धीत

**व्यवसाय करको दररेट**

| कर आय | व्यपारिक वस्तु कर | विवरण | सानो | मझौलो | ठूलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक रु २० लाख सम्म कारोवार | वार्षिक रु ५० लाख सम्म कारोवार | वार्षिक रु ५० लाख भन्दा बढीको कारोवार | |
| | | रक्सी मदिरा जन्य पसल | ३००० | ५००० | ८००० | |
| | | ज्वेलेरी | ३००० | ५००० | ८००० | |
| | | मोवाइल एसेसरीज विक्री पसल | १००० | २००० | ३००० | |
| | | घडि /चस्मा/सिडी रेडियो विकी विकी पसल | १००० | १५०० | २००० | |
| | | पुस्तक पसल स्टेस्नरी | १५०० | २५०० | ३००० | |
| | | इलक्ट्रोनिक्स समान पसल | १५०० | २००० | ३००० | |
| | | कलर ल्याव वा प्रिटिगं व्यवसाय | १५०० | २५०० | ३५०० | |
| | | फर्निचर तथा फर्निसिगं | २५०० | ४००० | ६००० | |
| | | काठ चिरानी तथा सामान्य लोकल फर्निचर | ३००० | ५००० | ८००० | |
| | | तयारी लुगा रेडिमेट,कपडा | २००० | ४००० | ६००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | रड सिमेन्ट हार्डवेयर पसल | ३००० | ५००० | ७००० | |
| | | प्लाइउड शिशा पसल | २५०० | ३५०० | ५००० | |
| | | रगं रोगन पसल | २००० | २५०० | ३००० | |
| | | बिजुली सामान पसल | १००० | १५०० | २००० | |
| | | सवारी साधन पार्ट पुर्जा | २००० | ३००० | ५००० | |
| | | कस्मेटिक ,श्रृगांर पसल | १५०० | २००० | ३००० | |
| | | टायर टयूव पसल | २००० | ३००० | ५००० | |
| | | रोडा वालुवा | २००० | ५००० | ८००० | |
| | | पेट्रोल पम्प | ५००० | ८००० | १२००० | |
| | | छाला जुता पसल | १५०० | २५०० | ३००० | |
| | | औषधि पसल | ३००० | ५००० | ८००० | |
| | | भेटनरी पसल | ३००० | ५००० | ८००० | |
| | | सर्जिकल पसल | ३००० | ५००० | ८००० | |
| | | किराना ,खाद्य चिसो समेत (वार्षिक रु एक लाख सम्मको कारोवारमा रु ५०० मात्र कर लाग्ने ) | १५०० | ३००० | ८००० | |
| | | तरकारी फलफुल पसल | १००० | २००० | ४००० | |
| | | दुध डेरी | २००० | ३००० | ५००० | |
| | | भाडाकुडा पसल | २००० | ३००० | ५००० | |
| | | गिप्ट ,तथा खेलौना पसल | २००० | ३००० | ५००० | |
| | | जुत्ता पसल | २००० | ३००० | ५००० | |
| | | खाद्यान्न डिलर | ४००० | ८००० | १२००० | |
| | | मोटर साइकल वर्कसप | ३००० | ६००० | १२००० | |
| | | मोटर साइकल विकी पसल | ५००० | १०००० | १५००० | |
| | | मोटर विकी पसल | ५०००० | | | |
| | | साईकल विकी पसल | २००० | ५००० | ८००० | |
| | | रिकन्डीसन मोटर साइकल विकी खरीद पसल | ४००० | ७००० | १०००० | |
| | | रिकन्डीसन सवारी साधन खरिद विकी पसल | ३०००० | | | |
| **कर आय** | **विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसाय सेवा** | | | | | |
| | | चिकित्सक | ४००० | ७००० | ९००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कविराज | ३००० | ५००० | ७००० | |
| | | इन्जीनियर | ४००० | ७००० | ९००० | |
| | | लेखा परिक्षक | ४००० | ७००० | ९००० | |
| | | कानुन व्यवसायी | ४००० | ७००० | ९००० | |
| | | दन्त चिकित्सक | ४००० | ७००० | ९००० | |
| | | अनुसन्धान कर्ता | ४००० | ७००० | ९००० | |
| | | विमा एजेन्ट | ४००० | ७००० | ९००० | |
| | | सर्भेयर | ४००० | ७००० | ९००० | |
| | | पशुचिकित्सक | ४००० | ७००० | ९००० | |
| | | श्यर दलाल | ४००० | ७००० | ९००० | |
| | | सामान ढुवानीकर्ता तथा कम्पनी | ४००० | ७००० | ९००० | |
| | | कन्सल्टेन्सी | ४००० | ७००० | ९००० | |
| | | अन्य विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा | ४००० | ७००० | ९००० | |
| **कर आय** | **उत्पादनमुलक उधोग** | आईसकिम उधोग , | १५०० | २००० | ३००० | |
| | | विस्कुट उद्योग | ५००० | | १०००० | |
| | | पाउरोटी उद्योग | १५०० | २००० | २५०० | |
| | | डेरी उद्योग | १००० | १५०० | २००० | |
| | | जुत्ता चप्पल उद्योग | ३००० | ४००० | ५००० | |
| | | डिस्टीलरी उद्योग | १०००० | | २५००० | |
| | | मिनरल वाटर उद्योग | १००० | १५०० | २००० | |
| | | खाद्यन्न सामाग्री,चाउचाउ समेत | ५००० | ८००० | १०००० | |
| | | कार्पेट पसमिना गार्मेन्ट | ५००० | ८००० | १०००० | |
| | | पलाष्टिक उद्योग | ५००० | ८००० | १०००० | |
| | | घरेलु उद्योग | ५००० | ८००० | १०००० | |
| | | कापी किताव उद्योग | ५००० | ८००० | १०००० | |
| | | तोरी मिल | १००० | १५०० | २००० | |
| | | खाद्यान्न मिल | १००० | १५०० | २००० | |
| | | इटा उद्योग | ३००० | ५००० | ७००० | |
| | | करसर | ५००० | १०००० | १२००० | |
| | | अन्य उन्पादन मुलक उद्योग | १००० | १५०० | २५०० | |
| **कर आय** | **कृषि तथा वन्यजन्तु** | | | | | |
| | | कृषि वा वनपैदावार मा आधारीत उद्योग व्यवसाय | २००० | २५०० | ३००० | |
| | | काठ समेतको स:मिल | ३००० | ५००० | ८००० | |
| | | अन्य कृषि तथा वन जन्य | १५०० | २००० | २५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उद्योग | | | | |
| **कर आय** | **पर्यटन उद्योग तथा व्यवसाय** | | | | | |
| | | रेस्टुरेन्ट एण्ड वार | २५०० | ३००० | ५००० | |
| | | फास्ट फुड पसल | २००० | ३००० | ५००० | |
| | | वेकरी क्याफे | २००० | ३००० | ५००० | |
| | | लज गेष्ट हाउस | ३००० | ५००० | ८००० | |
| | | रिसोर्ट | ३००० | ५००० | ८००० | |
| | | अन्य पर्यटन उद्योग | ३००० | ५००० | ८००० | |
| **कर आय** | **सेवा व्यवसाय** | परार्मश सेवा चलचित्र व्यवसाय,सार्वजनिक परिवहन व्यवसाय फोटो ग्राफि प्रयोगशाला ,शित भण्डार,आदी उद्योग व्यवसाय | ३००० | ५००० | ८००० | |
| | | ड्राइक्लिनर्स | ५०० | २००० | ३००० | |
| | | भोजनालय तथा सामान्य खाजा घर | २००० | २५०० | ३००० | |
| | | फ्रेसहाउस | १५०० | २००० | ५००० | |
| | | यात्रु परिवहन सेवा | २००० | ३००० | ५००० | |
| | | छापाखाना | २००० | ४००० | ६००० | |
| | | साधारण टेलरिगं | १००० | २००० | ५००० | |
| **कर आय** | **संचार सेवा व्यवसाय** | टेलिफोन सेवा कम्युनिकेशन पसल साइवर | १५०० | २००० | ३००० | |
| **कर आय** | **वित्तिय सेवा व्यवसाय** | वाणिज्य वैंक | ४०००० | | | |
| | | विकास वैकं | २५००० | | | |
| | | वित्तिय कम्पनी | १५००० | | | |
| | | सहकारी संस्था | १००० | | | |
| | | विमा कम्पनी | ४००० | | | |
| | | विदेशी मुद्रा सटही | ४००० | | | |
| | | मनी ट्रानस्पर | ४००० | | | |
| | | सहकारी वैकं | ३००० | ५००० | ८००० | |
| | | अन्य वित्तिय कारोवार गर्ने | ३००० | ५००० | ८००० | |
| **कर आय** | **स्वास्थ्य सेवा व्यवसाय** | सामुदायीक गैर सरकारी अस्पताल | ५००० | | | |
| | | नर्सिगंहोम | ४००० | | | |
| | | किल्नीक तथा ल्याव | ३५०० | ६००० | १०००० | |
| | | निजी अस्पताल मेडिकल | २५००० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कलेज | | | | |
| | | डेन्टल हस्पीटल | ५००० | ७००० | ९००० | |
| | | अकुपँचरीस्ट सेवा | २००० | ३००० | ५००० | |
| | | भेटनरी किल्नीक | २५०० | ३५०० | ५५०० | |
| **कर आय** | **शिक्षा तथा तालिम व्यवसाय** | | | | | |
| | | तालिम तथा अनुसन्धान केन्द्र | २००० | ३००० | ४००० | |
| | | टाइपिङ कम्पयूटर तथा भाषा प्रशिक्षण संस्था | २००० | ३००० | ४००० | |
| | | मन्टेसोरी | १००० | १५०० | २००० | |
| | | निजी विद्यालय आधारभुत. | ३००० | ५००० | ७००० | |
| | | निजी विद्यालय मा.वि | ५००० | ७००० | ९००० | |
| **कर आय** | **मर्मत संभार व्यवसाय** | हेभि भेइकल | ३००० | ५००० | ७००० | |
| | | वस ,ट्रक | २००० | ३००० | ५००० | |
| | | लाइट भेइकल ,कार भ्यान जिप | १५०० | २००० | ३००० | |
| **कर आय** | **अन्य सेवा** | विज्ञापन सेवा एजेन्सी | ५००० | ७००० | १०००० | |
| | | हाउजिङ कम्पनी तथा घर जग्गा खरिद विकी | ५००० | ८००० | १५००० | |
| | | व्यूटी पार्लर | १५०० | २००० | ३००० | |
| | | केशश्रृंगार शैलुन | १५०० | २००० | ३००० | |
| | | साइनवोड वनाउने पेन्टीङ सेवा | १००० | १५०० | २००० | |
| | | पशु वधशाला | १००० | २००० | ३००० | |
| | | मासु विकेता | १५०० | २००० | २५०० | |
| | | फुल तथा विरुवा विकेता | ५०० | १००० | १५०० | |
| | | इन्टरनेट प्रोभाइडर | २००० | ३००० | ५००० | |
| | | टावर कर (सार्वजनीक स्थान | | २५००० | | |
| | | टावर कर (निजी स्थान ) | | १२००० | | |
| | | टिकट काउन्टर | १००० | २००० | ३००० | |
| **कर आय** | **अन्य व्यवसाय** | पिक्नीक स्पोट | २००० | ३००० | ४००० | |
| | | शिशु स्याहार केन्द्र | ५०० | १००० | १५०० | |
| | | रेन्टल तथा क्याटरीङ सेवा | २००० | ३००० | ४००० | |
| | | पार्टी प्यालेश | ५००० | ७००० | ९००० | |
| | | होस्टेल | २००० | ३००० | ४००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | निर्माण व्यवसायी घ/ग/ख/क | ४००० / ८००० /१२०००/१४००० | | | |
| | | हाइड्रोपावर | ५०००० | | | |
| | | अन्य उर्जामुलक उद्योग | ५००० | | | |
| | | माथी तोकिएमा सोही वमोजिम नतोकिएको हकमा | २००० | ३००० | ४००० | |

अनुसूची ५

दफा ६ संग सम्बन्धित

**जडिबुटी करको दर रेट**

| कर दस्तुरका शिर्षक | इकाइ | आ व ०७४/०७५ |
|---|---|---|
| खोटो | प्रति के.जि. | १ रुपैया |
| जडिवुटी | प्रति के.जि. | १ रुपैया |
| बनकस(खर अम्लिसो बाबीयो) | प्रति टेक्टर | ३०० |
| भुस र पिना | प्रति के जि | १ |
| अदुवा | प्रति के जि | १ |
| सालको बिया | प्रति के जि | १ |
| सुनकाउली तेजपत्ता | प्रति के जि | १ |
| सल्लाको सिम्टा | प्रति के जि | १ |
| नेपाली कागज | प्रति के जि | १ |
| कफि प्रसोधित | प्रति के जि | २ |
| कफि कच्चा | प्रति के जि | १ |
| सुठो | प्रति के जि | २ |
| सुन्तला लगायत फलफूलजन्य बस्तु | प्रति के जि | १ |
| गुण | प्रति के जि | १ |
| खुदो | प्रति लिटर | १ |
| बाँस सिङ्गो | प्रति ट्रक | १००० |
| बाँस सिङ्गो | प्रति टेक्टर | ३०० |
| दलहन | प्रति के जि | १ |
| गोलीया काठ सिसौ | प्रति ट्रक | १५०० |
| गोलीया काठ सिसौ | प्रति टेक्टर | ७०० |
| गोलीया काठ अन्य | प्रति ट्रक | १००० |
| गोलीया काठ अन्य | प्रति टेक्टर | ५०० |
| रागो भैसी | प्रति गोटा | ५०० |
| खसी बोका | प्रति गोटा | १०० |
| सुङ्गुर बङ्गुर | प्रति गोटा | १०० |
| गाइ गोरु | प्रति गोटा | २०० |

| | | |
|---|---|---|
| कुखुरा हाँस | प्रति के जि | १ |
| घ्यु | प्रति के जि | ३ |
| चिउरीको विया | प्रति के जि | १ |

अनुसूची ६

दफा ७ संग सम्बन्धित

**सवारी साधनको करको दर रेट**

छत्रकोट गाउपालिका भित्र ठेगाना रहने गरी दर्ता भएका तथा छत्रकोट गाउँपालिका क्षेत्र भित्र चल्ने सवारी साधनमा वार्षिक सवारी कर निम्नानुसार हुनेछ ।

**क**. इन्जिनबाट चल्ने जुनकुनै दुइपाङग्रे मोटरसाइकल स्कुटर वा यस्तै सवारी साधनको वार्षिक रु ५००

**ख**. कार जिप भ्यान वा यस्तै चार पाङग्रे सवारी साधनको वार्षिक रु २०००

**ग.** ट्याक्टर वा यस्तै सवारी साधन वार्षिक रु २५००

**घ**. मिनि बस मिनि ट्रक वा यस्तै चार पाङगे सवारी साधन वार्षिक रु ३०००

**ङ.** ठुला बस ठुला ट्रक वा यस्तै चार पाङगे सवारी साधन वार्षिक रु ४०००

**च**. स्काभेटर दर्ता/नविकरण शुल्क वार्षिक १५०००

**छ**. डोजर, लोडर, भ्याकु लोडर, ग्रेडर, भायब्रेटर रोलर वा यस्तै प्रकृतिका अन्य सवारी साधन दर्ता/ नविकरण शुल्क वार्षिक रु १३०००

**ज.** छत्रकोट क्षेत्रभित्र निर्माण जन्य कार्य गर्नको लागि छत्रकोट गाउपालिका भन्दा बाहिर ठेगाना रहेका स्काभेटर, डोजर, लोडर, भ्याकु लोडर, ग्रेडर, भायब्रेटर रोलर वा यस्तै प्रकृतिका अन्य सवारी साधन अनुमति शुल्क रु. तपसिल बमोजिम हुने

१ स्काभेटर सूचीकरण शुल्क वार्षिक १७०००

२. डोजर, लोडर, भ्याकु लोडर, ग्रेडर, भायब्रेटर रोलर वा यस्तै प्रकृतिका अन्य सवारी साधन सूचीकरण शुल्क वार्षिक रु १५०००

नोट : गाउँपालिका क्षेत्रभित्र काम गर्नको लागि वार्षिक रुपमा अनिवार्य दर्ता/ नविकरण /सूचीकरण हुन पर्नेछ ।

**यस अनुसूची कार्यान्वयन गर्ने कममा केही बाधा अडकाउ परेमा गाउ कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ गर्नेछ ।**

अनुसूची ७

दफा ८ संग सम्बन्धित

**विज्ञापन करको दररेट**

**क) विज्ञापन कर निम्नानुसार हुने** :

१. सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामग्री राख्न पाइने छैन ।

२. सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्विर वा अक्षरको विज्ञापन कर छुट हुने छैन ।

**ख) विज्ञापन करको दर रेट**

१. फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ग फुट प्रति वर्ष रु ३००

२. होर्डीङ बोर्ड र यस्तै प्रचार सामग्रीको प्रति वर्ग फुट प्रति वर्ष रु ४००

३. डिजिटल बोर्ड र यस्तै प्रचार सामग्रीको प्रति वर्ग फुट प्रति वर्ष रु ५००

४. खेलकुद मैदान, मेला, जात्रा पर्व, वा यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्रीको प्रतिदनि २००

५. अन्यको हकमा प्रतिवर्गफुट प्रति वर्ष रु २००

अनुसूची ८

दफा ९ संग सम्बन्धित

**मनोरञ्जन करको दर रेट**

१. चलचित्र भवनलाइ चलचित्र प्रदर्शन गरे वापत प्रति चलचित्र प्रदर्शन स्थल वापत वार्षिक निम्नानुसार मनोरन्जन कर असुल उपर गरिने छ ।

१.१ अधिकतम ५० सिट क्षमता वार्षिक रु ३०,०००

१.२ ५० सिट भन्दा बढी क्षमता वार्षिक रु ५०,०००

१.३ जादु सर्कस मेला संचालन प्रति दिन रु २००

१.४ केवल टेलिभिजन प्रचार गरेवापत

- न्युनतम **दुइ सय** ग्राहक संख्या सम्म वार्षिक रु २०००
- दुइ सय भन्दा बढी **चार सय** सम्म ग्राहक संख्या सम्म वार्षिक रु ३५००
- चार सय भन्दा बढी ग्राहक संख्या वार्षिक रु ५५००

अनुसूची ९

दफा १० संग सम्बन्धित

**बहाल विटौरी शुल्कको दर रेट**

| क.स | पसलको प्रकृति | प्रति पसल प्रति दिन दर रेट | |
|---|---|---|---|
| १ | कपडा, जुत्ता, फेन्सी र यस्तै प्रकारका पसलहरु | १०० | |
| २ | खाजा नास्ता पसल | ६० | |
| ३ | खेलौना पसल | ६० | |
| ४ | फलफुल तथा तरकारी | ६० | |
| ५ | खाद्धान्न पसल | १०० | |
| ६ | अन्य | ५० | |

अनुसूची १०

दफा ११ संग सम्बन्धित

**पार्किङ शुल्क**

पार्किङ शुल्कको हकमा छत्रकोट गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूची ११

दफा १२ संग सम्बन्धित

**ट्रेकिङ र ऱ्याफ्टीङ शुल्क**

ट्रेकिङ र ऱ्याफ्टीङ शुल्कको हकमा छत्रकोट गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूची १२

दफा १३ संग सम्बन्धित

**सेवा शुल्क दस्तुर**

| क्र.स. | विवरण | आ.व.७५/७६ को लागि रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा | १५० | |
| २ | मोहि लगत कट्टा | १५० | |
| ३ | घर कायम सिफारिस | १५० | |
| ४ | छात्रवृत्ति सिफारिस | १५० | |
| ५ | विपन्न विद्यार्थी छात्रवृती सिफारिस | ५० | |
| ६ | अपाङ्ग सिफारिस | निशुल्क | |
| ७ | अस्थायी बसोबास सिफारिस | १५० | |
| ८ | स्थायी बसोबास सिफारिस | १५० | |
| ९ | नागरिकता सिफारिस | १५० | |
| १० | अंगिकृत नागरिकता सिफारिस | १००० | |
| ११ | अर्थिक अवस्था सम्बन्धि सिफारिस (बलियो) | १००० | |
| १२ | अर्थिक अवस्था सम्बन्धि सिफारिस (कमजोर) | १५० | |
| १३ | विद्युत जडान सिफारिस | १५० | |
| १४ | धारा जडान सिफारिस | १५० | |
| १५ | जिवित रहेको सिफरिस | १५० | |
| १६ | जन्ममिति संशोधन सिफारिस | ५०० | |
| १७ | जग्गा मूल्याङकन सिफारिस /प्रमाणित | प्रतिहजार रु १ | |
| १८ | व्यवसाय बन्द सिफारिस | १५० | |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | १५० | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | १५० | |
| २१ | अदालत शुल्क मिनाहा सिफारिस | १५० | |
| २२ | नाबालक सम्बन्धि सिफारिस | १५० | |
| २३ | चौपाया सम्बन्धि सिफारिस | ५०० | |
| २४ | व्यवसाय दर्ता सर्जमिन सिफारिस | ५०० | |
| २५ | उद्योग ठाउँसारी सिफारिस | १००० | |
| २६ | विद्यालय ठाउँसारी सिफारिस ( निजि) | १००० | |
| २७ | आन्तरिक बसाइसराइ सिफारिस | ५०० | |
| २८ | विद्यालय कक्षा वृद्धि सिफारिस( निजि) | १००० | |
| २९ | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस (निजि ) | १००० | |
| ३० | व्यक्तिगत विवरण सिफारिस | १५० | |
| ३१ | जग्गा दर्ता सिफारिस | १५० | |
| ३२ | संरक्षक सिफारिस ( व्यक्तिगत) | १५० | |
| ३३ | संरक्षक सिफारिस ( संस्थागत) | १५० | |
| ३४ | कित्ताकाट सिफारिस | १५० | |

| | | | |
|---|---|---|---|
| ३५ | सरकारको नाममा बाटो सिफारिस | १५० | |
| ३६ | नाता प्रमाणित सिफारिस | १५० | |
| ३७ | नाता प्रमाणित (नेपाली) | १५० | |
| ३८ | नाता प्रमाणित (अंग्रेजी) | ५०० | |
| ३९ | नाता प्रमाणित सर्जमिन गर्नु परेमा | ३०० | |
| ४० | कोठा खोल्ने रोहवरमा बस्नुपर्ने | १५० | |
| ४१ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ४२ | संस्था दर्ता सिफारिस ( नाफामुखी) | ३०० | |
| ४३ | संस्था दर्ता सिफारिस ( गैह्रनाफामुखी) | १५० | |
| ४४ | संस्था दर्ता सिफारिस ( आइ एन जि ओ को हकमा) | ८०० | |
| ४५ | घरबाटो प्रमाणित | १५० | |
| ४६ | चारकिल्ला प्रमाणित | १५० | |
| ४७ | जन्ममिति प्रमाणित | १५० | |
| ४८ | विवाह प्रमाणित | १५० | |
| ४९ | घर पाताल प्रमाणित | १५० | |
| ५० | फरकफरक नामथर/जन्ममिति सिफारिस | १५० | |
| ५१ | कागज मञ्जुरीनामा | १५० | |
| ५२ | हकदार प्रमाणित | ५०० | |
| ५३ | संरक्षक प्रमाणित | १५० | |
| ५४ | अन्य प्रमाणित | १५० | |
| ५५ | अविवाहित प्रमाणित | १५० | |
| ५६ | नाम थर संशोधन सिफारिस | १५० | |
| ५७ | जग्गा रेखाङकन सम्बन्धि रोहवरमा बस्ने | १५० | |
| ५८ | जग्गा धनि पुर्जा हराएको सिफारिस | १५० | |
| ५९ | पुर्जामा घर कायम गर्ने सिफारिस | १५० | |
| ६० | अंग्रेजी सिफारिस तथा प्रमाणित | ५०० | |
| ६१ | मिलापत्र कागज गराउने वादी/प्रतिवादी | ३००/३०० | |
| ६२ | ठेलागाडामा रहने व्यवसाय | ० | |
| ६३ | नाता प्रमाणित दस्तुर | १५० | |
| ६४ | व्यक्तिगत घटना दर्ता( जन्म,विवाह,मृत्यु,सम्बन्ध विच्छेद) | ३५ दिनभित्र निशुल्क त्यसपछि रु. १५० | |
| ६५ | व्यक्तिगत घटना दर्ता( बसाइसराइ ) आउने/जाने | १५०/५०० | |
| ६६ | इन्जिनियर दर्ता | ५०० | |
| ६७ | प्रमाणिकरण | ५०० | |
| ६८ | ठेलागाडा रिक्सा दर्ता नामसारी/ठाउँसारी | १०० | |
| ६९ | भवन निर्माण स्विकृति कच्ची/पक्की | प्रतिवर्गफुट रु.१ / रु.५ | |
| ७० | भवन नक्सा नामसारी दस्तुर | ५०० | |
| ७१ | वालक्लव दर्ता | १०० | |
| ७२ | युवा क्लव, आमा समूह, लगायत समूह क्लवहरु | २०० | |

| | | | |
|---|---|---|---|
| ७२ | राष्टिय। अन्तराष्टिय गैर सरकारी सँस्था सूचीकरण शुल्क | १००० / २००० | |
| ७३ | रुख कटान सिफारिस प्रतिरुख | ५० | |
| ७४ | अन्य साधारण सिफारिस | १५० | |